आज मिति २०७७ साल पुस २८ गते का दिन भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशका सचिव एवं प्रदेश परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिका अध्यक्ष डा. श्री रेवती रमण पौडेलज्यू को अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहायका निर्णयहरु गरियो।

स्थानः आम्रपाली कटेज एण्ड रेष्टुरेण्ट, बुटवल

समयः बेलुकाको ४:३० बजे

उपस्थिति

१. डा. श्री रेवती रमण पौडेल, सचिव, भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश

२. श्री याम नारायण देवकोटा, निर्देशक, कृषि विकास निर्देशनालय, लुम्बिनी प्रदेश

३. श्री तुलसी भण्डारी, निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, लुम्बिनी प्रदेश

४. श्री अमरबहादुर पुन मगर, निर्देशक, कृषि अनुसन्धान निर्देशनालय, ने.कृ.अ. परिषद, नेपालगन्ज

५. श्री रमेश गौतम, महाशाखा प्रमुख, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश

६. श्री .............................................. महाशाखा प्रमुख, भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेश

७. श्री रोशन बस्नेत, प्रमुख, राष्ट्रिय गहुँ बाली अनुसन्धान कार्यक्रम, रुपन्देही

८. श्री बुद्धिराज घिमिरे, महाशाखा प्रमुख, भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश

९. श्री बिमल कुमार दहाल, प्रमुख, खाद्य प्रबिधि तथा गुण नियन्त्रण कार्यालय, रुपन्देही

१०. श्री कुलदीप घिमिरे, ब.क्वा.अ., क्वारेन्टिन कार्यालय, रुपन्देही

११. श्री राम प्रसाद पाण्डे, ब.कृ.अ., परियोजना कार्यान्वयन इकाई, रुपन्देही

१२. श्री जोगेन्द्र कान्दु, कृ.अ., परियोजना कार्यान्वयन इकाई, रुपन्देही

१३. श्री विष्णु प्रसाद खनाल, कृ.अ., परियोजना कार्यान्वयन इकाई, रुपन्देही

१४. श्री राम बहादुर सोमरे, ले.पा., परियोजना कार्यान्वयन इकाई, रुपन्देही

१५. श्री जीवन पौडेल, ना.सु., परियोजना कार्यान्वयन इकाई, रुपन्देही

१६. श्री सरोज पाण्डे, स.कम्यूटर अ., परियोजना कार्यान्वयन इकाई, रुपन्देही

१६. छवी डाँगी डोगी कृ.इ. " "

१८. अस्मिता न्यौपाने कृ.वि. " "

१९. गंगासागर बरई प्रा.स. " "

२०.

२१. गोपालराज पाठक स.क. " "

२२. प्रहलाद पाण्डे का.स. " "

२३. अमृता पोखरेल, का.स. pmamp. piu रुपन्देही

२४. मुनिर आलम इद्रिसिया [illegible] Pmamp. Pmu रुपन्देही

प्रस्तावहरु

१ परियोजना कार्यान्वयन इकाईको कार्यक्रम बारे जानकारी

२ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतको ब्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम को क्षेत्र निर्धारण सिफारिस सम्बन्धमा

३ पकेट तथा ब्लक विकास कार्यक्रम अन्तर्गत च्याउ बाली सिफारिस गर्ने सम्बन्धमा

४ बोर बाख्राको श्रोत केन्द्रको स्थापना सम्बन्धमा

५ उत्पादित खाद्य बस्तुहरुको परीक्षण र नियमन सम्बन्धमा

६ निर्यात प्रर्बद्धन कार्यक्रम सम्बन्धमा

७ मत्स्य विकास केन्द्रको स्तरोन्नती सम्बन्धमा

निर्णय नं.१

प्रस्ताव नं.१ माथि छलफल गर्दा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, को चालु आ.व.७७/७८ मा संचालन हुने कार्यक्रम तथा सहजीकरणका बारेमा जानकारी गराइयो।

निर्णय नं.२

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लुम्बिनी प्रदेश सरकार अन्तर्गत जिल्ला स्थित कृषि ज्ञान केन्द्र/पशु सेवा विज्ञ केन्द्रको आ.व. २०७७/७८ को स्वीकृत बार्षिक कार्यक्रमानुसार ब्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम संचालनका लागि तपसिल बमोजिमका जिल्लाहरुको बाली/बस्तु विशेषको जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिबाट ब्लक क्षेत्र निर्धारण भई कार्यक्रम संचालनको लागि सिफारिस भई आएकोले यस समितिबाट ब्लक क्षेत्र निर्धारण गरी स्वीकृतीका लागि सिफारिस साथ भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा पठाउने निर्णय गरियो ।

तपसिल

१ भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, रुपन्देही मार्फत संचालन गरिने ब्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम अन्तर्गत रुपन्देही जिल्लाको सैनामैना नगरपालिकाको वडा नं. ३, ४, ५, ६ र ७ मा बाख्रा ब्लक तथा नवलपरासी (ब.सु.प.) जिल्लामा ब्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम अन्तर्गत प्रतापपुर गाउँपालिकाको वडा नं. ३, ५, ६ र ८ मा भैसी ब्लक कार्यक्रम संचालन गर्न सिफारिस गर्ने निर्णय गरियो।

२ भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, बाँके मार्फत संचालन गरिने ब्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम बाँके जिल्लाको खजुरा गाउँपालिकाको वडा नं. १ देखि ९ (पूर्वमा जानकी गाउँपालिका, पश्चिममा बर्दिया जिल्ला, दक्षिणमा भारत तथा उत्तरमा बैजनाथ गाउँपालिका र जानकी गाउँपालिका) मा गाई ब्लक संचालन गर्न सिफारिस गर्ने निर्णय गरियो।

३ कृषि ज्ञान केन्द्र, बाँके मार्फत संचालन गरिने ब्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम बाँके जिल्लाको राप्तीसोनारी गाउँपालिकाको वडा नं. ३ (पूर्वमा सिक्टा सिचाई पूर्वी नहर, पश्चिममा मोरंगा खोला, दक्षिणमा बागेश्वरी सामुदायिक बन तथा उत्तरमा राप्ती नदी) मा मकै ब्लक संचालन गर्न सिफारिस गर्ने निर्णय गरियो।

४ भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, पाल्पा मार्फत संचालन गरिने ब्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम निम्नानुसार गाई ब्लक संचालन गर्न सिफारिस गर्ने निर्णय गरियो।

| क्र.स. | आवेदकको नाम/ठेगाना | सम्पर्क ब्यक्ति/ सम्पर्क नं. | | चार किल्ला | | | | प्राविधिक समितिको सिफारिस |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | |
| १ | श्री छाप पशु विकास समिति तानसेन न.पा. ८ | दुर्गा बहादुर खाड ९८५७०६८३५० | गाई | तानसेन ९ | तानसेन १० | तानसेन ९ चुच्चेवारी | तिनाउ खोला गैंडेपुल | छनौट |
| २ | श्री चिनारी दुग्ध उत्पादक स.स.लि. ता.न.पा. १२, श्री लुहुङ्ग दुग्ध उत्पादक स.स.लि. ता.न.पा. १२, श्री मिलनसार सामाजिक उद्यमी महिला सहकारी स.लि. ता.न.पा. १३ | टिकाराम रेश्मी/ ९८४७५६८०८७ श्री राम प्रसाद शर्मा/ ९८४७२१७५९७ कमला भण्डारी/ ९८५७०६५६४६, ९८५७०६८३०२ | गाई | तानसेन ५ हुँदै बगेको अवल खोला र कालिगण्डकी | तानसेन ११ बन्दीपोखरा | कालिगण्डकी नदी किनार | तानसेन न.पा. ५, ११ | छनौट |

५ कृषि ज्ञान केन्द्र, पाल्पा मार्फत संचालन गरिने ब्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम निम्नानुसारको बिभिन्न बालीहरुको ब्लक संचालन गर्न सिफारिस गर्ने निर्णय गरियो।

| क्र.स. | आवेदकको नाम/ठेगाना | सम्पर्क ब्यक्ति/ सम्पर्क नं. | बाली/ बस्तु | चार किल्ला | | | | प्राविधिक समिति को सिफारिस |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | |
| १ | श्री विजयपुर कृषि स.सं.लि., रामपुर न.पा. ०६ विजयपुर | सूर्य प्रसाद रेग्मी/ ९८५७०६२९७३ | आलु | तिलकपुर | प्याकलुम | कालिगण्डकी | करिडोर | छनौट |
| २ | श्री कसेनी माडी कृषि स.सं.लि., माथागढी गा.पा. ०३ कसेनी, सराई | टिकाराम रान/ ९८४७०९८३५६ | धान | माथागढी ०२ | ता.न.पा. ०९ | बगनासकाली ०३ | तिनाउ ०५ | छनौट |
| ३ | श्री मैनादी कृषि स.सं.लि., रिब्दीकोट गा.पा. ०७ मैनादी | बेन बहादुर पुन/ ९८४७१७४३३३ | तरकारी | गहतेकाटोल | धारदीखोला | प्रभात मा.वि. | पिपलको बोट | छनौट |
| ४ | श्री मुझुङ कृषि स.सं.लि., रैनादेवी | अमर कार्की / ९८४७२१८२२१ | तरकारी | रिब्दीकोट | काफलबोट | बाँसडाँडा | मोटरबाटो | छनौट |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | छहरा गा.पा. मुझुङ, श्री सहयोगी साथी कृषि स.सं.लि., मुझुङ, दहटोल, श्री कार्की मिश्रित फलफूल नर्सरी, मुझुङ्ग, दहटोल, बाँसडाँडा सामुदायिक वन उ.स.स. | | | | | | | |
| ५ | श्री कचल कृषि स.सं.लि., तिनाउ गा.पा. कचल | भोज बहादुर छहरी/ ९८४७४०२१३६ | धान | बन्जु भु-श्री सामुदायिक वन | बाँधखोला | कचल खानेपानी मुहान क्षेत्र | तिनाउ खोला | छनौट |
| ६ | श्री मित्याल सामुदायिक विकास कृषि स.सं.लि., निस्दी गा.पा. मित्याल | हुम बहादुर सिंजाली/ ९८५७०६८०३८ | सुन्तला | निस्दी-३ खाँनीखोला | निस्दी-५ धोमादी | निस्दी- ५ पिपल भञ्याङ्ग | निस्दी- ५ रुप्से भञ्याङ्ग | छनौट |
| ७ | श्री हात्तीलेक सामुदायिक विकास बहुउद्देश्यीय स.सं.लि., पूर्वखोला गा.पा. | बुद्धिमान श्रेष्ठ/९८४७२२३८५७ | अदुवा | सानो गल्धा | सिमल भञ्याङ्ग | तिलुडाँडा | हात्तिलेक | छनौट |
| ८ | श्री सूर्यमुखी कृषि तथा पशु विकास महिला स.सं.लि., श्री शिवासन कृषि स.सं.लि., श्री बगनासकाली ब. स.सं.लि., | पम्फा गैरे / ९८४७११६६९० | अदुवा | खानिछाप दानसिङ्गा | कालिगण्डकी | दैलातुङ्ग लाम्दी | बगनास भिरभञ्याङ्ग | छनौट |

निर्णय नं.३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत पकेट र ब्लक विकास कार्यक्रम अन्तर्गत बिभिन्न जिल्लाबाट राष्ट्रिय महत्वका प्राथमिकता प्रदत्त बाली/बस्तुहरु बाहेक च्याउ बालीको पकेट/ब्लक माग भएकोले कार्यक्रम संचालनार्थ परियोजना ब्यवस्थापन इकाईमा सिफारिसको लागि पठाउने निर्णय गरियो।

निर्णय नं.४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा लुम्बिनी प्रदेश स्तरीय कृषि अनुसंधान निर्देशनालय खजुराको बोर बाख्राको श्रोत केन्द्रको संरचना र अन्य ब्यवस्थापन बिस्तारको लागि आवश्यक बजेट ब्यवस्थापनको लागि परियोजना ब्यवस्थापन इकाई, खुमलटार, ललितपुरमा सिफारिस गरी पठाउने निर्णय गरियो।

निर्णय नं.५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत लुम्बिनी प्रदेश भित्र जोन/सुपरजोनबाट उत्पादित कृषि तथा पशुजन्य खाद्य बस्तुहरुको गुणस्तर परिक्षण तथा नियमन कार्यको लागि आवश्यक बजेट ब्यवस्थापनको लागि परियोजना ब्यवस्थापन इकाई, खुमलटार, ललितपुरमा सिफारिस गरी पठाउने निर्णय गरियो।

निर्णय नं.६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत लुम्बिनी प्रदेश भित्र उत्पादित निर्यातजन्य कृषि बस्तुहरुको निर्यात प्रवर्धन गर्ने कार्यक्रम संचालनका लागि परियोजना ब्यवस्थापन इकाई, खुमलटार, ललितपुरमा सिफारिस गरी पठाउने निर्णय गरियो।

निर्णय नं.७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा मत्स्य विकास फर्म शम्शेरगंज बाँकेको स्तरोन्नती गरी माछा श्रोत केन्द्रको बिस्तार गर्न आवश्यक बजेट ब्यवस्थापनका लागि परियोजना ब्यवस्थापन इकाई, खुमलटार, ललितपुरमा सिफारिस गरी पठाउने निर्णय गरियो।